# स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी नियमावली, २०८१

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी नियमावली, २०८१

**प्रदेश राजपत्रमा प्रकाशित मिति**

२०८१।०८।२४

प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अध्यक्ष" भन्नाले स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "अधिकतम सुविधा प्रतिशत" भन्नाले जुन सेवा वा कार्यक्रमबाट जति आम्दानी भएको छ सो आम्दानीको प्रतिशत र सोही आम्दानीको प्रतिशत बमोजिम सम्बन्धित सेवा प्रदायकलाई सुविधा वितरण गर्नु पर्ने कुरा सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) "ऐन" भन्नाले प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ सम्झनु पर्छ।

(घ) "कर्मचारी" भन्नाले व्यवस्थापन समितिको कोषबाट पारिश्रमिक र सुविधा लिने कर्मचारी सम्झनु पर्छ।

(ङ) "कोष" भन्नाले ऐनको दफा २६घ. बमोजिमको कोष सम्झनु पर्छ।

(च) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको स्वास्थ्य निर्देशनालय सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा २६क. बमोजिमको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले बागमती प्रदेशको स्वास्थ्य मन्त्रालय मातहतका अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सालय सम्झनु पर्छ।

(ञ) "सदस्य-सचिव" भन्नाले व्यवस्थापन समितिको सदस्य-सचिवलाई सम्झनु पर्छ।

(ट) "सेवा संख्या" भन्नाले प्रति चिकित्सक वा प्रति स्वास्थ्यकर्मी प्रतिदिन सेवाग्राही संख्या सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद- २

## व्यवस्थापन समितिको निर्णय, काम, कर्तव्य र अधिकार

३. **व्यवस्थापन समितिको बैठक र निर्णय सम्बन्धी व्यवस्थाः** (१) स्वास्थ्य संस्थाको आवश्यकता बमोजिम व्यवस्थापन समितिको बैठक समितिको अध्यक्षले तोकेको समय, मिति र स्थानमा बैठकको कार्यसूची सहित सदस्य सचिवले बोलाउनेछ।

(२) व्यवस्थापन समितिका एक तिहाइ सदस्यले व्यवस्थापन समितिको बैठक बोलाउन सदस्य सचिवलाई लिखित निवेदन दिएमा अध्यक्षलाई जानकारी गराई सदस्य सचिवले बैठक बस्ने समय, मिति, स्थान र बैठकको कार्यसूची सहित व्यवस्थापन समितिको बैठक बोलाउनुपर्नेछ।

(३) व्यवस्थापन समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुमध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नुपर्नेछ।

(४) व्यवस्थापन समितिको तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा व्यवस्थापन समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(५) व्यवस्थापन समितिको बैठकमा बहुमत सदस्यको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(६) व्यवस्थापन समितिको बैठकले गरेका निर्णयको माइन्युट अध्यक्ष र सदस्य सचिवले दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ।

(७) व्यवस्थापन समितिको छाप र लेटरप्याड हुनेछैन। व्यवस्थापन समितिको निर्णय कार्यान्वयन लगायत व्यवस्थापन समिति सम्बन्धी कार्यको पत्राचार सम्बन्धित स्वास्थ्य संस्थाको छाप र लेटरप्याडमा व्यवस्थापन समितिका सदस्य सचिवबाट मात्र हुनेछ।

(८) व्यवस्थापन समितिले कुनै पनि विषयको निर्णय गर्दा प्रचलित नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, मार्गदर्शन लगायतको आधार लिई निर्णय गर्नुपर्नेछ।

४. **<u>सदस्य सचिवको काम, कर्तव्य र अधिकार</u>**: ऐनको दफा २६ख. को उपदफा (४) मा तोकिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त व्यवस्थापन समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोषको बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

(ख) कोषको आम्दानी र खर्चको लेखा रीतपूर्वक राख्ने,

(ग) कोषको आम्दानी र खर्चको प्रतिवेदन सम्बन्धित निकायमा पेस गर्ने,

(घ) आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) बेरुजुको लगत राख्ने र बेरुजु फछ्यौट गर्ने, गराउने,

(च) प्रशासकीय प्रमुख (कार्यालय प्रमुख) को रुपमा काम गर्ने गराउने,

(छ) कोषको आम्दानी र खर्चको लेखापरीक्षण गराउने,

(ज) व्यवस्थापन समितिको निर्णय कार्यान्वयनका लागि पत्राचार गर्ने,

(झ) मन्त्रालयले तोकेका अन्य कार्यहरु गर्ने।

## परिच्छेद- ३

## सङ्गठन संरचना तथा कर्मचारीको सेवा, सर्त र सुविधा

५. **सङ्गठन संरचना र दरबन्दीः** (१) स्वास्थ्य संस्थाको स्थायी र मूल सङ्गठन संरचना र दरबन्दी प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको सङ्गठन संरचना र दरबन्दीले स्वास्थ्य सेवा प्रवाहका लागि चिकित्सक तथा अन्य कर्मचारी अपुग भई थप गर्नु पर्ने भएमा व्यवस्थापन समितिले सो समितिको कोषबाट व्ययभार हुने गरी त्यस्तो थप सङ्गठन संरचना र दरवन्दी तयार गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिमको सङ्गठन संरचना र दरबन्दी तयार गर्दा स्वास्थ्य संस्थामा सेवाग्राहीको चाप, सेवाको आवश्यकता, स्वास्थ्य संस्थाको आन्तरिक आम्दानीको श्रोत, सङ्गठन संरचना र दरवन्दी थप गर्नुपर्ने कारण, सो दरबन्दीको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

लागि पारिश्रमिक तथा सुविधाको सुनिश्चितता लगायतको अध्ययन र विश्लेषण गरी तयार गर्नुपर्नेछ।

(४) उपनियम (२) र (३) बमोजिम तयार गरेको सङ्गठन संरचना र दरवन्दी स्वीकृतिको लागि व्यवस्थापन समितिले सिफारिस गरी मन्त्रालयमा पेस गर्नुपर्नेछ।

(५) उपनियम (४) बमोजिम पेस भएको सङ्गठन संरचना र दरबन्दी तेरिज मन्त्रालयले थप अध्ययन र विश्लेषण गरी स्वीकृत गर्न सक्नेछ।

(६) व्यवस्थापन समितिमा करार सेवामा रहने दरबन्दीका कर्मचारीको पदनाम, सेवा, समूह, उपसमूह, तह, कार्य विवरण र शैक्षिक योग्यता प्रचलित स्वास्थ्य सेवा सम्बन्धी कानूनमा तोकिए बमोजिम हुनेछ।

(७) उपनियम (२) बमोजिमको सङ्गठन संरचना र दरबन्दी उपनियम (१) बमोजिमको सङ्गठन संरचना र दरबन्दीको पूरकको रूपमा रहनेछ।

६. **नियुक्ति, पदपूर्ति र मूल्याङ्कनः** (१) कुनै पनि पद सृजना र दरवन्दी स्वीकृत नभई स्वास्थ्य संस्थाले कर्मचारी करारमा नियुक्ति गर्नु हुँदैन।

(२) व्यवस्थापन समितिका लागि स्वीकृत सङ्गठन संरचना र दरवन्दीका कर्मचारीको पदपूर्तिको प्रक्रिया सम्बन्धी व्यवस्था प्रदेश सरकारको प्रचलित कानून बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) कर्मचारीको कार्यक्षमताको मूल्याङ्कनको फारामको ढाँचा, पूर्णाङ्क, मूल्याङ्कन समिति र प्रक्रिया लगायतको व्यवस्था प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ।

७. **<u>कामकाज खटाउने र सरुवा</u>:** (१) स्वास्थ्य संस्था प्रमुखले कर्मचारीलाई आवश्यकताको आधारमा सोही स्वास्थ्य संस्थाभित्रकै विभिन्न विभाग, महाशाखा, शाखा र इकाइमा आन्तरिक रूपमा कामकाज खटाउन सक्नेछ।

(२) सरकारी कामको सिलसिलामा व्यवस्थापन समितिका कर्मचारीलाई स्वास्थ्य संस्था प्रमुखले प्रदेशभित्र सात दिनसम्म काज स्वीकृत गर्न सक्नेछ।

(३) स्वास्थ्य विपद् वा महामारीको वखत वा कुनै विशेषज्ञ स्वास्थ्य सेवा वा कुनै निश्चित स्वास्थ्य सेवा प्रवाह गर्नका लागि व्यवस्थापन समितिका कुनै कर्मचारीलाई एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा एक पटकको लागि बढीमा तीन महिनासम्मको लागि मन्त्रालयले काज खटाउन सक्नेछ।

(४) स्वास्थ्य संस्थाको उद्देश्य हासिल गर्न आवश्यक पर्ने विषयको ज्ञान र सीप विकासका लागि तालिम लिन वा क्षमता अभिवृद्धि गर्न वा कुनै सरकारी कामका लागि व्यवस्थापन समितिका उपयुक्त कर्मचारीलाई स्वास्थ्य संस्थाले बढीमा तीन महिनाको तालिममा काज खटाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) उपनियम (४) बमोजिम तालिममा सहभागी भएका कर्मचारीले तालिम लिएको अवधिको दोब्बर अवधि सम्बन्धित स्वास्थ्य संस्थामा अनिवार्य सेवा गर्नुपर्नेछ। सो बमोजिम सेवा अवधि पूरा नगरेमा सम्बन्धित कर्मचारीबाट तालिम अवधिको तलब, भत्ता तथा तालिम खर्च सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।

(६) व्यवस्थापन समितिका कर्मचारीहरुको एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा सरुवा हुनेछैन।

८. <u>**कर्मचारीको हाजिरीः**</u> (१) करार सेवाको सम्झौता भई नियुक्ति भएको मितिले सात दिनभित्र कर्मचारी कार्यालयमा हाजिर भइसक्नुपर्नेछ।

(२) प्रदेश सरकारले तोकेबमोजिम कार्यालय समयमा कर्मचारी रुजु हाजिर हुनुपर्नेछ।

(३) कुनै पनि कर्मचारी बिदा स्वीकृति नगराई वा जानकारी नगराई अनुपस्थित भएमा स्वास्थ्य संस्था प्रमुखले स्पष्टिकरण सोध्न सक्नेछ र चित्त बुझ्दो जवाफ पेस नभएमा गयल कट्टी गर्न सक्नेछ।

(४) कुनै पनि कर्मचारी बिदा स्वीकृत नगराई वा कुनै जानकारी नदिई पन्ध्र दिनभन्दा बढी अनुपस्थित भएमा स्वास्थ्य संस्थाले त्यस्तो कर्मचारीको करार रद्द गर्न सक्नेछ।

(५) कर्मचारीको हाजिरीको अभिलेख स्वास्थ्य संस्थाले तोकेबमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(६) व्यवस्थापन समितिका कर्मचारीको सबै समय प्रदेश सरकारको अधिनमा हुनेछ र निजलाई जुनसुकै समयमा पनि प्रदेश सरकारले काममा लगाउन सक्नेछ।

९. **<u>कर्मचारीले पाउने बिदाः</u>** (१) व्यवस्थापन समितिका कर्मचारीले सार्वजनिक बिदा बाहेक देहाय बमोजिमका बिदा पाउनेछन्ः-

(क) घर बिदाः हरेक महिनाको एक दिन बराबर घर बिदा,

(ख) पर्व बिदाः बार्षिक छ दिन पर्व बिदा,

(ग) मृत्य संस्कार बिदाः प्रचलित कानून बमोजिम

(घ) प्रसूति बिदाः सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ बमोजिम,

(ङ) प्रसुति स्याहार बिदाः सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ बमोजिम,

(च) बिरामी विदाः हरेक दुई महिना बराबर एक दिन विरामी बिदा,

(छ) सट्टा बिदाः अतिरिक्त समय काम गरेकोमा (भत्ता नलिएमा मात्र) वा सार्वजनिक बिदाको दिनमा काम गरेकोमा।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) अतिरिक्त समय काम गरेकोमा (भत्ता नलिएमा मात्र) वा सार्वजनिक बिदामा कामकाज गरेकोमा त्यस्तो सट्टा बिदा तीन महिना भित्र लिई सक्नुपर्नेछ। संचित रहेको सट्टा बिदा तीन महिनाभित्र नलिएमा सो सट्टा बिदा संचित रहनेछैन।

(३) सार्वजनिक बिदा र अतिरिक्त समयमा काम गर्दा थप आर्थिक सुविधा लिई वा सिफ्ट ड्युटीमा कामकाज गरेकोमा सट्टा बिदा दिन पाइनेछैन।

(४) उपनियम (१) बमोजिमको बिदा बस्दा कर्मचारीले पूरा पारिश्रमिक पाउनेछ।

(५) उपनियम (१) को खण्ड (क) बमोजिमको घर बिदा नलिई बाँकी रहेमा छ महिनासम्म संचित राख्न सकिनेछ तर संचित बिदा वापतको रकम पाइनेछैन।

(६) उपनियम (५) बाहेक यस नियम बमोजिमको कुनै पनि बिदा हरेक वर्षको चैत्र मसान्तपछि संचित हुनेछैन।

(७) व्यवस्थापन समितिका कर्मचारीले अध्ययन, असाधारण, बेतलवी र विशेष बिदा पाउने छैन।

(८) कर्मचारीको बिदा माग गर्ने बिधि, बिदा स्वीकृति गर्ने अधिकारी, बिदाको अभिलेख लगायत यस नियममा लेखिए देखि बाहेकका बिदा सम्बन्धी अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(९) बिदा अधिकारको विषय नभई सहुलियतको रुपमा रहनेछ।

१०. **<u>कर्मचारीको पारिश्रमिक, भत्ता लगायत अन्य सुविधाः</u>** (१) व्यवस्थापन समितिका कर्मचारीले पदमा बहाल गरेको दिन देखि करार सम्झौतामा उल्लेख भए बमोजिमको पारिश्रमिक, पोषाक भत्ता लगायतका अन्य सुविधा पाउनेछन्।

(२) उपनियम (१) बमोजिमको पारिश्रमिक, भत्ता लगायतका अन्य सुविधा प्रचलित श्रम सम्बन्धी कानूनले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम हुने गरी सेवा करार सम्झौता गर्न पाइनेछैन।

(३) नियमित रूपमा छ महिना करार सेवा पूरा गरेका व्यवस्थापन समितिका कर्मचारीले खाइपाई आएको एक महिनाको पारिश्रमिक बराबर हरेक वर्ष चाडपर्व खर्च पाउनेछन्।

(४) स्वैच्छिक रुपमा आफ्नो पारिश्रमिकबाट दश प्रतिशत रकम कट्टी गरी कर्मचारीले संचय कोषमा जम्मा गर्न चाहेमा स्वास्थ्य संस्थाले त्यस्तो रकम संचय कोषमा जम्मा गरिदिन सक्नेछ।

(५) स्वैच्छिक रुपमा आफ्नो पारिश्रमिकबाट कर्मचारीले नागरिक लगानी कोषमा रकम जम्मा गर्न चाहेमा स्वास्थ्य संस्थाले त्यस्तो रकम नागरिक लगानी कोषमा जम्मा गरिदिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(६) व्यवस्थापन समितिका कर्मचारीले स्वास्थ्य संस्थाको काममा काज खटिँदा प्रचलित प्रदेश सरकारको भ्रमण खर्च सम्बन्धी कानून बमोजिम दैनिक तथा भ्रमण खर्च पाउनेछन्।

**११. <u>विशेष सुविधा नपाउने:</u>** (१) प्रदेश सरकारका स्थायी दरवन्दीमा कार्यरत कर्मचारीका लागि कुनै विशेष आर्थिक सुविधा वा सहुलियत प्रदेश सरकारले प्रदान गरेको भएमा त्यस्तो सुविधा वा सहुलियत कर्मचारीले दाबी गर्न पाउनेछैन।

(२) कर्मचारीलाई पेन्सन, उपदान, संचयकोष थप, उपचार खर्च जस्ता कुनै पनि सेवा सुविधा उपलब्ध गराइनेछैन।

**१२. <u>सामाजिक सुरक्षा कोषमा आबद्धता हुने:</u>** कोषको रकमबाट व्ययभार हुनेगरी मासिक करार सेवामा नियुक्ति वा करार सेवा सम्झौता गरिएका कर्मचारीलाई स्वास्थ्य संस्थाले सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सक्नेछ।

**१३. <u>करार सम्झौतामा उल्लेख भए बमोजिम हुने:</u>** (१) ऐन तथा यस नियमावली र प्रदेश सरकारको चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधिमा उल्लिखित सेवा, सर्त र सुविधाका अतिरिक्त कर्मचारीको सेवा, सर्त र सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम करार सेवा सम्झौतामा उल्लिखित बाहेक कर्मचारीले अन्य सेवा वा सुविधा दाबी गर्न पाइनेछैन।

(३) करार सम्झौता वा सम्झौता अन्त्य गर्दा व्यवस्थापन समितिको तर्फबाट स्वास्थ्य संस्था प्रमुखले हस्ताक्षर गर्नुपर्नेछ।

१४. **<u>करार सेवाको अन्त्यः</u>** (१) देहायको अवस्थामा कर्मचारीको करार सम्झौता जुनसुकै बखत अन्त्य हुनेछः-

(क) प्रचलित प्रदेश कानून बमोजिम कार्य सम्पादनका आधारमा म्याद थप नभएमा,

(ख) नियम २८ बमोजिम हटाइएमा,

(ग) राजिनामा दिएमा,

(घ) प्रदेश निजामती सेवा सम्बन्धी कानूनमा तोकिएको आचरण र पदीय अनुशासन सम्बन्धी कुराहरू पालना नगरेमा।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम करार अन्त्य गर्नुअघि कर्मचारीलाई तीन दिनको अवधि दिई सफाइ पेस गर्ने मौका दिनुपर्नेछ।

(३) उपनियम (२) बमोजिम पेस भएको सफाई सन्तोषजनक नभएमा करार सम्झौता अन्त्य गर्न सकिनेछ।

१५. **<u>सम्पत्ति विवरण, परिचय पत्र र पोशाकः</u>** (१) कर्मचारीले शुरू नियुक्ति भएको साठी दिनभित्र र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र सम्पत्ति विवरण स्वास्थ्य संस्थामार्फत मन्त्रालयमा पेस गर्नुपर्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) कर्मचारीले कार्यालयमा कार्यरत रहेको समयमा प्रचलित कानून बमोजिम तोकिएको ढाँचाको कर्मचारी परिचयपत्र र पोशाक अनिवार्य रूपमा लगाउनुपर्नेछ।

१६. **<u>कल्याणकारी व्यवस्था</u>**: (१) कोषमा जम्मा भएको कूल रकमको बढीमा दुई प्रतिशतसम्म रकम व्यवस्थापन समितिले कर्मचारीको कल्याणकारी कार्यको लागि छुट्याउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम छुट्याइएको रकम मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम स्वास्थ्य संस्थाले खर्च गर्न सक्नेछ।

## परिच्छेद- ४
## कोष तथा कोषको प्रयोग

१७. **<u>कोष स्थापना</u>**: (१) स्वास्थ्य संस्थामा ऐनको दफा २६घ को उपदफा (१) बमोजिमको कोष स्थापना हुनेछ।

(२) कोषको खाता सञ्चालन स्थायी कर्मचारीहरु सदस्य सचिव र लेखा प्रमुख दुबैजनाको संयुक्त हस्ताक्षरबाट हुनु पर्नेछ।

(३) कोषमा प्राप्त हुन आएको रकम सकभर प्राप्त भएकै दिनमा र सो दिन जम्मा हुन नसकेमा अर्को कार्यदिनमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयको विविध खातामा दाखिला गर्नुपर्छ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१८. **<u>कोषको रकम खर्च गर्न नपाइने</u>:** ऐन तथा यस नियमावलीमा उल्लेख भएकोमा बाहेक कोषबाट कुनै पनि भत्ता वा आर्थिक सुविधा प्रदान गर्न पाइनेछैन।

१९. **<u>कोषमा रकम जम्मा गर्न नपाइने</u>:** सरकारी राजस्वमा जम्मा गर्नुपर्ने भनी प्रचलित प्रदेश कानूनले निर्दिष्ट गरेका शुल्क, दस्तुर, जरिवाना, लिलाम बिक्रीबाट प्राप्त आम्दानी र त्यस्तै अन्य रकमहरु स्वास्थ्य संस्थाले कोषमा जम्मा गर्न पाउनेछैन।

२०. **<u>कोषबाट खर्च गर्न सकिने विषयहरु</u>:** (१) कोषमा जम्मा भएको रकम स्वास्थ्य संस्थाको विकास, विस्तार र सुदृढीकरणका लागि देहाय बमोजिम विषय वा कार्यका लागि  खर्च गर्न सकिनेछः-

(क) स्वास्थ्य जाँच, निदान, शल्यक्रिया, उपचार लगायतका स्वास्थ्य सेवाका लागि प्रोत्साहन सुविधा दिन,

(ख) भौतिक पूर्वाधार विकास, विस्तार, निर्माण, मर्मत, सुधार र स्तरोन्नति गर्न,

(ग) स्वास्थ्य औजार, उपकरण र सवारी साधन खरिद, इन्धन, मर्मत सम्भार गर्न,

(घ) जनशक्ति करार, कर्मचारीको वृत्ति विकास गर्न र परामर्श सेवा लिन,

(ङ) औषधि तथा औषधिजन्य सामग्री र अन्य अत्यावश्यक मालसामान खरिद गर्न,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(च) पानी, बिजुली, इमेल, इन्टरनेट, वेवसाईट, सञ्चार खर्च गर्न,

(छ) स्वास्थ्य तथा तालिम सम्बन्धी कार्यक्रम सञ्चालन र अनुगमन खर्च गर्न,

(ज) फर्निचर तथा फर्निसिङ्ग र इलेक्ट्रोनिक सामान खरिद गर्न,

(झ) कार्यालय घरभाडा, सुरक्षा, सरसफाई, सूचना प्रकाशन र छपाई खर्च गर्न,

(ञ) स्वास्थ्य उपचार सेवाका लागि अतिरिक्त समय काम गरेको भत्ता दिन,

(ट) बैठक, खाना, खाजा तथा भैपरी आउने विविध खर्च गर्न।

(२) उपनियम (१) को खण्ड (क) बमोजिमको कार्यका लागि गरिने खर्च अनुसूचीमा तोकिए बमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिम उपनियम (१) को खण्ड (क) को प्रोत्साहन सुविधा निर्धारण गर्दा व्यवस्थापन समितिले अघिल्लो आर्थिक वर्षको आयव्यय र चालु आर्थिक वर्षको अनुमानित आयव्ययको आधारमा अनुसूचीमा तोकिएको सीमाभित्र रही गर्नुपर्नेछ।

(४) उपनियम (२) बमोजिमको कार्य गर्न श्रोत अपर्याप्त हुने भएमा वा श्रोत सुनिश्चित नहुने भएमा व्यवस्थापन समितिले

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

उपनियम (२) बमोजिमको खर्च गर्न वा अनुसूची बमोजिमको रकम उपलब्ध गराउन बाध्य हुनेछैन।

(५) उपनियम (२) को अनुसूची बमोजिम तोकिएको प्रतिशतले हुने कुल रकम बाँडफाँट गर्ने र सम्बन्धित कर्मचारीहरुलाई वितरण गर्ने कार्य स्वास्थ्य संस्थाका प्रमुखले गर्नेछ।

(६) उपनियम (२) बमोजिमको विषयका खर्च मापदण्ड बाहेक अन्य विषयको खर्चको मापदण्ड र प्रक्रिया प्रचलित कानून बमोजिम गर्नुपर्नेछ।

(७) उपनियम (१) को खण्ड (ट) बमोजिमको भैपरी आउने विविध खर्च एक पटकमा तीन हजार रुपैयाँभन्दा बढी खर्च गर्न पाउनेछैन।

## परिच्छेद- ५

## वार्षिक कार्यक्रम र प्रतिवेदन

२१. **वार्षिक कार्यक्रम स्वीकृत गर्नुपर्नेः** (१) व्यवस्थापन समितिले अघिल्लो आर्थिक वर्षको असार मसान्तसम्मको कोषको कुल वार्षिक आम्दानी (फार्मेसी र बीमा समेत) र खर्चको आधारमा प्रचलित प्रदेशको आर्थिक कार्यविधि सम्बन्धी कानूनले तोकेको ढाँचामा नियम २० बमोजिमको कार्यका लागि वार्षिक कार्यक्रम तयार गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपनियम (१) बमोजिमको वार्षिक कार्यक्रम स्वीकृतिका लागि व्यवस्थापन समितिको सिफारिससहित साउन १५ गतेभित्र स्वास्थ्य निर्देशनालयमार्फत मन्त्रालयमा पेस गर्नुपर्नेछ र मन्त्रालयले साउन मसान्तसम्ममा स्वीकृत गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिमको वार्षिक कार्यक्रम तयार गर्दा प्रदेश र संघीय सरकारको वार्षिक कार्यक्रमसँग दोहोरो नपर्ने गरी तयार गर्नुपर्नेछ।

तर संघीय वा प्रदेश सरकारबाट प्राप्त बार्षिक स्वीकृत कार्यक्रम मात्रले लक्षित उद्देश्य हासिल गर्न अपर्याप्त भएको पर्याप्त आधार पेस भएमा व्यवस्थापन समितिले पेस गरेको थप कार्यक्रम मन्त्रालयले स्वीकृत गर्न कुनै बाधा पर्नेछैन।

(४) उपनियम (२) बमोजिम स्वीकृत कार्यक्रमका लागि मात्र कोषको रकम खर्च गर्न पाइनेछ र अन्यथा गरेमा खर्च गर्ने कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखबाट असुलउपर गरिनेछ।

२२. **<u>रकमान्तर सम्बन्धी व्यवस्थाः</u>** स्वास्थ्य संस्थाको आवश्यकता र औचित्य समेत विचार गरी व्यवस्थापन समितिको सिफारिसमा मन्त्रालयले स्वीकृत वार्षिक कार्यक्रमलाई बढीमा दुई पटकका लागि संशोधन वा रकमान्तर गर्न सक्नेछ।

२३. **<u>प्रतिवेदन पेस गर्नुपर्नेः</u>** (१) कोषको रकमबाट व्ययभार हुने गरी सञ्चालन गरेको कार्य तथा कार्यक्रम कार्यान्वयन र आम्दानी खर्चको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रतिवेदन स्वास्थ्य संस्थाले निर्देशनालय, मन्त्रालय र अन्य सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन स्वास्थ्य संस्थाले प्रचलित प्रदेश आर्थिक कार्यविधि सम्बन्धी कानूनले तोकेको ढाँचामा लक्ष्य प्रगति विवरण त्रैमासिक र वार्षिक रुपमा एवम् वार्षिक आर्थिक विवरण तोकिएको अवधिभित्र पेस गर्नुपर्नेछ।

(३) मन्त्रालयको अन्य कार्यक्रमसँगै कोषको रकमबाट व्ययभार हुने गरी सञ्चालन गरेको कार्यक्रमको कार्यान्वयन र आम्दानी खर्चको भौतिक र वित्तीय प्रगतिको समीक्षा गर्नुपर्नेछ।

## परिच्छेद- ६

## <u>विविध</u>

२४. **<u>वस्तुगत सहायता सामग्री स्वीकार गर्न सक्नेः</u>** (१) कुनै व्यक्ति वा संघ संस्थाबाट वस्तुगत सामग्री प्राप्त गर्दा त्यसरी प्राप्त सामग्री स्वास्थ्य संस्थालाई उपयोगी हुने देखिएमा त्यस्तो वस्तुगत सामग्री मन्त्रालयको स्वीकृतिमा स्वीकार गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम स्वीकार गरिएको वस्तुगत सामग्रीलाई आम्दानी अभिलेख जनाई त्यस्तो सामग्रीको प्रचलित मूल्यलाई आम्दानीको रूपमा समेत अभिलेख गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त भएका कुनै सामग्री प्रयोग भएपछि वा तत्काल प्रयोग गर्न आवश्यक नपर्ने वा लामो समयसम्म भण्डारण गरी राख्न पनि अनुकुल नहुने भएमा तथा त्यस्तो सामग्री

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अन्य स्वास्थ्य संस्थामा उपयोगी हुने देखिएमा मन्त्रालयको सहमति लिई हस्तान्तरण गर्न सकिनेछ।

२५. **<u>बैठक भत्ता र भ्रमण खर्चः</u>** (१) व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरुले प्रदेश सचिवले अध्यक्षता गर्ने बैठकको भत्ता सरह प्रति बैठक प्रति व्यक्ति भत्ता पाउनेछ।

(२) प्रचलित प्रदेश भ्रमण खर्च सम्बन्धी कानून बमोजिम व्यवस्थापन समितिका अध्यक्षले प्रथम तह र सदस्यहरुले द्वितीय तहको भ्रमण खर्च पाउनेछ।

(३) उपनियम (२) बमोजिम भ्रमण खर्च पाउनका लागि व्यवस्थापन समितिका अध्यक्ष र सदस्यको भ्रमण आदेश मन्त्रालयका प्रदेश सचिवले भ्रमणको औचित्य हेरी स्वीकृत गरेको हुनु पर्नेछ।

(४) व्यवस्थापन समितिमा आमन्त्रित सदस्य वा उपसमितिको संयोजक वा सदस्य वा बिशेषज्ञले पनि व्यवस्थापन समितिका सदस्य सरह बैठक भत्ता र भ्रमण खर्च पाउनेछन्।

२६. **<u>कार्यक्रम वा खर्च अनुमोदन हुन सक्नेः</u>** (१) व्यवस्थापन समिति वा सो व्यवस्थापन समितिले गर्ने कार्य निष्क्रिय भएको अवस्था वा अन्य कुनै परिस्थितिको परिणामस्वरूप स्वास्थ्य सेवा प्रवाहमा अवरुद्ध हुने सम्भावना भएमा वा सार्वजनिक सम्पति हानि नोक्सानी हुने भएमा वा कर्मचारीको पारिश्रमिक भुक्तानी गर्न ढिलाई हुने भएमा वा सेवाग्राहीको उपचारका लागि कुनै औषधि वा औजार उपकरण वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

मालसामान खरिद नगर्दा मानवीय क्षति हुने वा पछि भुक्तानी गर्दा बढी व्ययभार पर्ने अवस्था आएमा व्यवस्थापन समितिबाट पछि अनुमोदन हुने गरी सदस्य सचिवले मन्त्रालयको सहमति लिई कोषबाट रकम व्यहोर्ने गरी कुनै कार्यक्रम सञ्चालन गर्न र खर्च गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम औचित्य पुष्टि हुने कुनै कार्य गरेको वा कार्यक्रम सञ्चालन गरेको रहेछ भने त्यसरी गरेको कार्य वा सञ्चालन गरेको कार्यक्रम र सो वापत गरेको खर्च व्यवस्थापन समितिले दुई महिनाभित्र अनुमोदन गरिदिनुपर्नेछ।

२७. **अनुगमन गर्न र निर्देशन दिन सक्नेः** मन्त्रालय वा निर्देशनालयले व्यवस्थापन समितिको काम कारबाहीको सम्बन्धमा अनुगमन गरी व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ। सो निर्देशनको पालना गर्नु सम्बन्धित व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

२८. **व्यवस्थापन समितिका कर्मचारी हटाउन सकिनेः** समितिबाट नियुक्त भई समितिको कोषबाट पारिश्रमिक पाइरहेका कर्मचारीहरूलाई कोषको रकम अपुग हुने अवस्था आएमा व्यवस्थापन समितिको सिफारिस र मन्त्रालयको सहमतिमा नियुक्तिको कनिष्ठताका आधारमा क्रमशः स्वास्थ्य संस्थाले हटाउन सक्नेछ।

२९. **प्रचलित कानून बमोजिम हुनेः** कोष परिचालन गरी कुनै कार्य गर्दा वा कार्यक्रम सञ्चालन गर्दा यस नियमावलीको अतिरिक्त प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

आर्थिक कार्यविधि र सार्वजनिक खरिद सम्बन्धी कानून तथा अन्य प्रचलित कानून बमोजिम गर्नुपर्नेछ।

३०. __बचाउ__: प्रदेश स्वास्थ्य सेवा (पहिलो संशोधन) अध्यादेश, २०७९ निष्क्रिय भए पश्चात व्यवस्थापन समिति निष्क्रिय रहेको अवस्थामा व्यवस्थापन समितिबाट हुनु पर्ने काम कारबाही हुन नसकी सोको पूर्ति गर्न व्यवस्थापन समितिको तर्फबाट स्वास्थ्य संस्थाबाट भए गरेका सम्पूर्ण काम कारवाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची

(नियम २० को उपनियम (२) सँग सम्बन्धित)

**<u>कोषको बजेटबाट विभिन्न शिर्षकमा हुने अतिरिक्त खर्चको मापदण्ड</u>**

| सि. न. | स्वास्थ्य संस्थाको सेवा/कार्यक्रम विवरण | अतिरिक्त सुविधा नपाउने सेवा संख्या (दैनिक) | अतिरिक्त सुविधा पाउने सेवा संख्या (दैनिक) | खर्च मापदण्ड (अधिकतम सुविधा प्रतिशत) | |
|---|---|---|---|---|---|
| | | | | रसुवा, दोलखा, रामेछाप, नुवाकोट, सिन्धुली, धादिङ्ग, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक | चितवन, मकवानपुर, काठमाडौं, भक्तपुर र ललितपुर |
| क. | अस्पताल | | | | |
| १ | सि. टि. स्क्यान/एम. आर. आइ. सेवा | ४ जनासम्म | ४ जनाभन्दा बढीको प्रति केश | ४०% | २५% |
| २ | म्यामोग्राम/ फिस्टूलाग्राम/कन्ट्रास्ट एक्सरे सेवा | ४ जनासम्म | ४ जनाभन्दा बढीमा प्रति केश | ४०% | २५% |
| ३ | अल्ट्रासाउण्ड सेवा | २५ जनासम्म | २५ जनाभन्दा बढीमा प्रति केश | ३०% | २५% |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ई. सि. जी. सेवा | १५ जनासम्म | १५ जना भन्दा बढीमा मात्र | ३०% | ३०% |
| ५ | ड्रेसिङ्ग सेवा | १० जनासम्म | १० जना भन्दा बढीमा प्रति केश | ३०% | ३०% |
| ६ | प्रयोगशाला सेवा (जोखिम भत्ता वा यो सुविधा मध्ये दोहोरो नपर्नेगरी non-surgical consultant and laborotory staff का लागि प्रयोगशाला बाट भएको आम्दानीको प्रतिशत) | प्रयोगशाला सेवा जोखिमयुक्त सेवा भनी नेपाल सरकारबाट नै निर्णय भएको हुदा यसमा अतिरिक्त सुविधा नपाउने सेवा संख्या नतोकिएको | सबै सेवामा | ५% | ५% |
| ७ | एनेस्थेसियोलोजी प्रोसिड्युर सेवा | ३ जनासम्म | ३ जनाभन्दा बढी | ३०% | ३०% |
| ८ | मेजर शल्यकृया- प्रसुती/गाइने/ जनरल सर्जरी/अर्थो/नाक, कान र घाँटी | २ शल्यकृयासम्म | • २ भन्दा बढि शल्यकृया प्रति केश | ४०% | ३०% |
| | | | • आकस्मिक शल्यकृया प्रति केश | ६०% | ६०% |
| ९ | माइनर ओ. टी./ प्रोसिड्युर सेवा | ३ जनासम्म | ३ जनाभन्दा बढी | ३०% | ३०% |
| १० | साधारण एक्सरे | ३० जनासम्म | ३० जना भन्दा बढी | ३०% | २०% |



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | इको-कार्डियोग्राफी | १० जनासम्म | १० जना भन्दा बढी प्रति केश वा छुट्टै विषय विज्ञ नभई अरु बिषय बिज्ञले तालिम लिई अतिरिक्त सेवा उपलब्ध गराएमा प्रति केस | ३०% | ३०% |
| १२ | इन्डोस्कोपी/NPL/ ब्रोंकोस्कोपी/कोलोनोस्कोपी/हिस्टेस्कोपी/सिस्टोस्कोपी/ कल्पोस्कोपी सेवा | ५ जनासम्म | ५ जनाभन्दा बढी प्रति केस वा छुट्टै विषय विज्ञ नभई अरु बिषय बिज्ञले तालिम लिई अतिरिक्त सेवा उपलब्ध गराएमा प्रति केस | ३०% | ३०% |
| १३ | अडियोग्राम सेवा | ५ जनासम्म | • ५ जनाभन्दा बढी<br>• पीटिए ३ जनाभन्दा बढी<br>• टिनिटस रिटेनिंग थेरापी १० जना प्रति महिना<br>• स्पीच थेरापी १६ जना प्रति महिना | ३०% | ३०% |
| १४ | डर्माटोलोजी प्रोसिड्युर सेवा | ३ जनासम्म | ३ जनाभन्दा बढी | ३०% | ३०% |
| १५ | फिजियोथेरापी सेवा | १० जनासम्म | १० जनाभन्दा बढी | ३०% | ३०% |
| १६ | आइ. सी. यु. सेवा | - | २४ सै घन्टा सेवा वापत सबै सेवाको | ३०% | ३०% |

आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | एन. आइ. सी. यु. सेवा | - | २४ सै घन्टा सेवा वापत सबै सेवाको | ३०% | ३०% |
| १८ | पी. एफ. टि. सेवा | ५ जना सम्म | ५ जनाभन्दा बढी | ३०% | ३०% |
| १९ | डेन्टल प्रोसिड्युर सेवा | General Check ups, Scaling and Root Planning, Polishing, Extraction, Filling, Incision and Drainage, Dry Socket management, Coronoplasty | RCT, Pulpectomy, Minor Surgery, Crown and Bridge, RPD/CD Orthodontic treatment, Space Maintainer, Fluoride application. | ३०% | ३०% |
| २० | अवस्ट्रेटिक्स एण्ड गाइनेकोलोजी (सिटीजी, गाइने. मेजर, कम्प्लिकेटेड डेलिभरी) सेवा | ३ जनासम्म | ३ जनाभन्दा बढी | ३०% | ३०% |
| २१ | अवस्ट्रेटिक्स एण्ड गाइनेकोलोजी (सिएस) सेवा | | | ५०% | ५०% |
| २२ | अर्थोपेडिक्स प्रोसिड्युर सेवा | ३ जनासम्म | ३ जनाभन्दा बढी | ३०% | ३०% |
| २३ | मेडिसिन प्रोसिड्युर (विशेष सेवा) सेवा | बहिरङ्ग र अन्तरङ्ग सेवा | • Paracentesis, Pleural Fluid Drainage | ३०% | ३०% |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • CVP, Intercostal Tube Insertion/Removal, ABG, ECG,<br>• चिकित्सकको अभाब भएको समयमा | | |
| २४ | अप्थाल्मोलोजी प्रोसिड्युर सेवा | ५ जनासम्म | • ५ जनाभन्दा बढी<br>• Major/Minor OT Procedure | ३०% | ३०% |
| २५ | ई एन टि प्रोसिड्युर सेवा | ५ जनासम्म | • ५ जनाभन्दा बढी<br>• OPD Procedure | ३०% | ३०% |
| २६ | बिशेषज्ञ अनकल ड्युटी सेवा | अफ ड्युटीमा रहेको बिशेषज्ञ बोलाउनु पर्ने भएकोले यसमा अतिरिक्त सुविधा नपाउने सेवा संख्या नतोकिएको | • Public Holiday Duty Attending Doctor (per day salary) | १००% | १००% |
| | | | • First on call (per day salary) | ५०% | ५०% |
| | | | • Second on call (per day salary) | २५% | २५% |
| २७ | फार्मेसी सेवा (Non-surgical consultant and pharmacy staff का लागि फार्मेसी सेवाको कुल मुनाफाको प्रतिशतसम्म) | २० जनासम्म | २० जना भन्दा बढी | २% | २% |
| २८ | रेडियसन उत्पति हुने स्वास्थ्य सेवा (अनुसूचीको अन्य | रेडियसन सेवा जोखिमयुक्त सेवा भएको हुदा यसमा | सबै सेवा र जना | २५% | २५% |

| | | | | | |
|---|---|---|---|---|---|
| | बुंदामा उल्लेख भएदेखि बाहेक) | अतिरिक्त सुविधा नपाउने सेवा संख्या नतोकिएको | | | |
| २९ | दोहोरो जिम्मेवारी वा कार्य बोझ बढी भई कार्यालय समयभन्दा बाहेक थप समयमा सेवा (प्रतिव्यक्ति प्रतिदिन) | कार्यालय समय भन्दा बाहिर काम गर्ने भएकोले सेवा संख्या नतोकिएको | सबै सेवा र जना | रु.६०० | रु.६०० |
| ३० | डाइलाईसिस सेवा प्रति केश | डायलासिस सेवा संवेदनशील सेवा भएको हुँदा यसमा अतिरिक्त सुविधा नपाउने सेवा संख्या नतोकिएको | सबै सेवा र जना | १०% | १०% |
| ३१ | विशेषज्ञ/विशिष्टिकृत सेवा करार- कन्सल्टयान्ट नभएको कारण अस्पतालमा उपलब्ध नभएका व्यक्तिबाट विशेषज्ञ/विशिष्टिकृत स्वास्थ्य सेवा (प्रतिव्यक्ति प्रतिदिन एकमुष्ठ रूपैयाँ) | बाहिरी व्यक्तिबाट सेवा करार लिनु पर्ने भएकोले अतिरिक्त सुविधा नपाउने सेवा संख्या नतोकिएको | सबै सेवा र जना | रु.५०००/- देखि रु.१५०००/- सम्म | रु.३०००/- देखि रु.१००००/- सम्म |
| **ख. आयुर्वेद तथा बैकल्पिक चिकित्सा** | | | | | |
| ३२ | वमन | २ जना | २ जना भन्दा बढि | ३०% | ३०% |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | विरेचन | २ जना | २ जना भन्दा बढि | ३०% | ३०% |
| ३४ | निरुह वस्ती | २ जना | २ जना भन्दा बढि | ३०% | ३०% |
| ३५ | अनुवासन/मात्रा वस्ती | ४ जना | ४ जना भन्दा बढि | ३०% | ३०% |
| ३६ | नस्य | ५ जना | ५ जना भन्दा बढि | २०% | २०% |
| ३७ | रक्तमोक्षण (जलौका बाहेक) | ५ जना | ५ जना भन्दा बढि | २०% | २०% |
| ३८ | जलौका चिकित्सा | ७ जना | ७ जना भन्दा बढि | २०% | २०% |
| ३९ | सर्वाङ्ग अभ्यंग | ५ जना | ५ जना भन्दा बढि | २०% | २०% |
| ४० | क्षार सूत्र | २ जना | २ जना भन्दा बढि | ३०% | ३०% |
| ४१ | क्षार सूत्र थ्रेड चेन्ज | ५ जना | ५ जना भन्दा बढि | २०% | २०% |
| ४२ | कटी/जानु/ग्रिवा वस्ति लगायतका एकांग वस्ति | ५ जना | ५ जना भन्दा बढि | २०% | २०% |
| ४३ | उत्तर वस्ति | २ जना | २ जना भन्दा बढि | ३०% | ३०% |
| ४४ | अग्नि कर्म/विद्ध कर्म | १० जना | १० जना भन्दा बढि | २०% | २०% |
| ४५ | अक्षी तर्पण | ५ जना | ५ जना भन्दा बढि | २०% | २०% |
| ४६ | शिरोधारा | ५ जना | ५ जना भन्दा बढि | २०% | २०% |
| ४७ | सर्वाङ्ग स्वेदन | ५ जना | ५ जना भन्दा बढि | २०% | २०% |
| ४८ | उद्वर्तन | ५ जना | ५ जना भन्दा बढि | २०% | २०% |
| ४९ | षटिक शालि पिण्ड स्वेद | ५ जना | ५ जना भन्दा बढि | २०% | २०% |
| ५० | मर्म चिकित्सा | १० जना | १० जना भन्दा बढि | २०% | २०% |
| ५१ | कर्णपुरण | ५ जना | ५ जना भन्दा बढि | २०% | २०% |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| ५२ | लेपन | ५ जना | ५ जना भन्दा बढि | २०% | २०% |
| ५३ | सर्वाङ्ग धारा | ५ जना | ५ जना भन्दा बढि | २०% | २०% |
| ५४ | अकुपंचर/ईलेक्ट्रो अकुपंचर/अकुप्रेसर, कपिंग | २५ जना | २५ जना भन्दा बढि | २०% | २०% |
| ५५ | थेराप्युटिक योग | ४० जना | ४० जना भन्दा बढि | २०% | २०% |
| ५६ | क. विशेषज्ञ चिकित्सकका लागि दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० र प्रयोगशालाकर्मिहरुलागि प्रयोगशाला जोखिम भत्ता व्यवस्थापन निर्देशिका, २०७२ बमोजिम पाउने सुविधासँग दोहोरो पर्ने गरी अतिरिक्त सुविधा प्रदान गर्न पाइने छैन।<br>ख. नेपाल सरकारको आमा सुरक्षा कार्यक्रम लगायत अन्य बिभिन्न कार्यक्रम वा कार्यविधि वा निर्देशिका लगायत कानूनी व्यवस्था वा कार्यकारी निर्णयबाट यस अनुसूची बमोजिमको सेवा प्रदान गरे वापत सुविधा पाइरहेको चिकित्सक वा स्वास्थ्यकर्मीलाई दोहोरो पर्ने गरी अतिरिक्त सुविधा प्रदान गर्न पाइने छैन।<br>ग. स्वास्थ्य संस्थामा बहिरङ्ग र अन्तरङ्ग सेवा प्रदान गरे वापत यो अनुसूची बमोजिमको अतिरिक्त सुविधा चिकित्सक वा स्वास्थ्यकर्मीलाई प्रदान गर्न पाइनेछैन।<br>घ. यस अनुसूचीमा उल्लेखित कुनै सेवाको स्वास्थ्य संस्थाले सेवाग्राहीबाट शुल्क लिने व्यवस्था नभएको भएमा सो सेवा प्रदान गरे वापत चिकित्सक वा स्वास्थ्यकर्मीलाई अतिरिक्त सुविधा प्रदान गर्न पाइनेछैन। | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश